# विदेशबाट नेपाल आगमन हुने यात्रुहरूको व्यवस्थापनसम्बन्धी आदेश, २०७८

प्रस्तावनाः कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण, निदान र उपचारमा प्रतिकूल असर नपर्ने गरी नेपाल आउने नेपाली तथा विदेशी नागरिकहरूको आवागमनलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो आदेश जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस आदेशको नाम "विदेशबाट नेपाल आगमन हुने यात्रुहरूको व्यवस्थापनसम्बन्धी आदेश, २०७८" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "वायु सेवा" भन्नाले नेपालमा अन्तर्राष्ट्रिय उडान गर्ने नेपाली वा विदेशी वायु सेवा सम्झनु पर्छ।

(ख) "कोभिड-१९ को परीक्षण" भन्नाले RT-PCR, Gene Xpert वा True NAAT सम्झनु पर्छ र सो शब्दले विश्व स्वास्थ्य सङ्गठनबाट मान्यता प्राप्त तत्सम्बन्धी अन्य परीक्षणलाई समेत जनाउँछ।

३. <u>हवाई अनुमति दिने र उडान भर्नेसम्बन्धी व्यवस्थाः</u> (१) नेपाल सरकारले उडान खुल्ला गरेका वायुसेवालाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यस आदेशमा उल्लेख भएका व्यवस्थाको पूर्ण पालना गर्ने शर्तमा मात्र अन्तर्राष्ट्रिय उडान अनुमति दिनु पर्नेछ। यो आदेश प्रारम्भ हुनु अघि उडान अनुमति दिइसकेका उडानका हकमासमेत त्यस्तो शर्त अनिवार्य रूपमा लागू गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उडान अनुमति दिंदा विमानस्थलमा भीडभाड नहुने गरी दिनु पर्नेछ।

४. <u>होटेल सूचीकृत गर्नेः</u> (१) पर्यटन विभागले क्वारेन्टिनको लागि स्वीकृत मापदण्ड पूरा गरेका होटेलहरूको सूचीकरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचिकृत भएका होटलको विवरण संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग र कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सीसीएमसी) तथा सम्बद्ध निकायको वेबसाइट मार्फत् सार्वजनिक गर्नुपर्नेछ।